# साल्पासिलिछो गाउँपालिका
# स्थानीय बाल संरक्षण कोष (सञ्चालन) कार्यविधि - २०७८

साल्पासिलिछो गाउँपालिका
चौकीडाँडा,भोजपुर
प्रदेश न.१,नेपाल

# स्थानीय बाल संरक्षण कोष (सञ्चालन) कार्यविधि - २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०८/०९ गते

**पृष्ठभूमिः**

साल्पासिलिछो  गाँउपालिका भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरूको तत्काल उद्धार, संरक्षण, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न साल्पासिलिछो गाँउपालिका गाउँ कार्यपालिकाले बालबालिकाको हक अधिकार संरक्षण गर्न स्थानीय **बाल संरक्षण कोष सञ्चालन कार्यविधि** २०७८ तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम “बाल संरक्षण कोष सञ्चालन कार्यविधि २०७८” रहेको छ ।

ख) यो कार्यविधि साल्पासिलिछो  गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि साल्पासिलिछो गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) “कोष” भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाँउपालिका स्तरीय बाल संरक्षण कोषलाई सम्झनुपर्दछ ।

ख) “गाँउपालिका” भन्नाले साल्पासिलिछो  गाँउपालिका सम्झनुपर्दछ ।

ग) “वडा कार्यालय” भन्नाले साल्पासिलिछो  गाँउपालिकाका वडा कार्यालय सम्झनुपर्दछ ।

घ) “बाल अधिकार समिति” भन्नाले साल्पासिलिछो  गाँउपालिका भित्र गठित बाल अधिकार समिति सम्झनु पर्दछ ।

ङ) “वडा बाल अधिकार समिति” भन्नाले साल्पासिलिछो  गाँउपालिका भित्रका वडामा गठित बाल अधिकार समिति बुझ्नुपर्दछ ।

च) “आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका” भन्नाले कार्यविधिको दफा ११ मा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

छ) “सञ्चालक समिति” भन्नाले कार्यविधिको दफा ५ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**३. कोषको उद्देश्य देहाय बमोजिम रहनेछनः**

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई राहत (आधारभुत आवश्यकता सहित) उपलब्ध गराउने,

ग) जोखिममा रहेका बालबालिकालाई पारिवारिक पुनस्थापना गर्ने,

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई आवश्यक शैक्षिक
सहयोग उपलब्ध गराउने,

च) जोखिम अवस्थामा रहेका बालबालिकाहरूको अधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गर्ने,

**४. कोषको स्थापनाः**

(१) साल्पासिलिछो  गाँउपालिका भित्र जोखिम युक्त वा आपतकालीन अवस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक बाल संरक्षण कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) स्थानीय तहबाट विनियोजित रकम,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य विविध श्रोतबाट प्राप्त हुन आएको रकम ।

(३) बाल संरक्षण कोषको प्रयोग यस कार्यबिधिको दफा ११ मा उल्लेखित अवस्थामा रहेका बालबालिकाको संरक्षण तथा सम्वर्द्धनका लागि खर्च गर्न सकिनेछ ।

(४) दफा ३ मा उल्लेख भए बाहेकको अन्य शीर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(५) दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिनेछ ।

**५. बाल संरक्षण कोष सञ्चालक समितिको गठनः-**

१) साल्पासिलिछो  गाउँपालिकामा बाल संरक्षण कोषको व्यवस्थापन, सञ्चालन एवम् स्रोतको खोजी गर्न देहाय बमोजिमको बाल संरक्षण कोष सञ्चालक समिति रहनेछ ।

क) बाल अधिकार समितिको संयोजक - संयोजक

ख) गाँउपालिका स्तरीय सामाजिक विकास समिति संयोजक वा निजले तोकेको सदस्य १ जना

- सदस्य

ग) गाँउकार्यपालिकाको सदस्य १ जना - सदस्य

घ) गाँउपालिका स्तरीय बालअधिकार समिति सदस्य १ जना - सदस्य

ङ) गाँउपालिका स्तरीय बालक्लव सञ्जालको प्रतिनिधि - सदस्य

च) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था मध्येबाट संयोजकले मनोनित गरेको १ जना - सदस्य

छ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**६. सञ्चालक समितिका काम, कर्तव्य र अधिकारः-**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने,

ख) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

ग) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार तथा राहतका लागि नपुग रकम केन्द्रीय बाल संरक्षण कोष तथा प्रदेश स्थित बालकोषसंग माग गर्ने,

घ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने,

**७. कोष सञ्चालन विधिः-**

क) कोषको रकम प्रतिमहिना रु ५०००/- सम्म सानो नगदी कोषको रुपमा सदस्य सचिवले पेश्की स्वरुप लिई आवश्यकता, औचित्य र कोष सञ्चालन कार्यविधि अनुसार खर्च गराउने । सो सानो नगदी कोष खर्च भएमा सो को फछ्यौट् पश्चात् पुनः पेश्की स्वरुप दिन सकिने र सो को विवरण समितिको वैठकमा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

ख) प्रतिमहिना रु ५,०००/- भन्दा बढि तत्काल खर्च गर्नुपर्ने देखिएमा सञ्चालक समितिको संयोजकको आदेश तथा सञ्चालक समितिको निर्णय बमोजिम रु १०,०००/- सम्म खर्च गरी बैठकमा पेश गरी अनुमोदन गर्ने र सो भन्दा बढि आवश्यकता भएमा सञ्चालक समितिको बैठकको निर्णय बमोजिम खर्च गर्ने ।

**८. सञ्चालक समितिले गर्न नहुने कामहरूः-**

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न,

ख) आपतकालीन अवस्थाका बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न,

**९. सञ्चालक समितिको बैठकः-**

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा निजले तोकेको व्यक्तिले अध्यक्षता गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य - सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान गाँउपालिकाको महिला तथा बालबालिका शाखामा रहनेछ ।

**१०. लेखा परिक्षणः-**

साल्पासिलिछो गाँउपालिकाले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक वर्ष आय-व्ययको विवरणको लेखापरीक्षण गराउनुपर्नेछ ।

**११. आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिका पर्दछन् -**

क) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

ख) हराएका वा वेवारिसे अवस्थामा फेला परेका,

ग) ऋणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रमबाट पीडित भएका,

घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित भएका,

ङ) दुर्घटनामा परेका, प्राकृतिक वा दैवी प्रकोपमा परेका,

च) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका,

छ) यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका,

ज) हिंसाबाट प्रभावित एवम् पिडित भएका,

झ) बाबुआमा वा आफन्त जनको संरक्षणबाट बन्चित भएका,

ञ) अपाङ्गता भएका,

ट) सुस्तमनस्थिति भएका,

ठ) अपहरण वा शरीर बन्धकमा परेका,

ड) सडक बालबालिका,

ढ) एच.आई.भी. एड्स संक्रमित तथा प्रभावित भएका,

ण) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण विहीन अवस्थामा फेला परेका शिशु,

त) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

थ) बाल अधिकार समितिले आपतकालीन अवस्थामा रहेका भनी ठम्याएका बालबालिका ।

**१२. निवेदन दिन सक्नेः-**

यस कार्यविधिको दफा ११ मा उल्लेख गरिएका बालबालिकाहरूको उद्धार, संरक्षण, तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी साल्पासिलिछो गाँउपालिका वा सम्बन्धित वडामा बसोबास गर्ने जोसुकै सरोकारवाला वा व्यक्तिले साल्पासिलिछो गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय अन्तरत महिला तथा बालबालिका शाखा, वडा कार्यालय वा बाल अधिकार समितिमा बालबालिकाको विस्तृत बिवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**१३. खाताको सञ्चालनः-**

क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङकबाट इजाजत प्राप्त क वर्गको पायक पर्ने बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

ख) उपदफा (क) बमोजिमको खाता सञ्चालनका लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**१४. आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१५. कार्यविधिको व्याख्या तथा संशोधनः**

यस कार्यविधिमा भएका व्यबस्थाहरूमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा कार्यपालिकाले बाल अधिकार समितिको सिफारिसमा सञ्चालक समितिको राय लिई कार्यविधि संसोधन गर्न सक्नेछ ।